# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३०, अंक ५५१ काठमाडौं | २०८२ जेठ २ शुक्रबार | ज्येष्ठ कृष्णपक्ष, चतुर्थी नेपाल संवत् ११४५ | HIMALAYA TIMES | Friday 16 May 2025 | पृष्ठ ८ | मूल्य रु ५।-


"गल्ती गर्नु मानवीय कर्म हो र क्षमा गर्नु ईश्वरीय कर्म : अलेक्जेन्डर पोप"

**भारत-पाक पूर्णयुद्ध टरेकै हो त ?**

● शम्भु कोइराला

पृष्ठ ४

संयुक्त रूपमा उक्त पुस्तकको लोकार्पण भएको थियो भने उहाँहरूले कवि लाकोजु र उक्त पुस्तकमाथि आआफ्नो विचार राख्नुभएको थियो । उक्त पुस्तक ट्रान्सवर्ड प्रकाशनले प्रकाशित गरेको हो भने कार्यक्रमको आयोजना ओरियन्टल पब्लिकेसनले गरेको थियो ।

## अस्ताए लोकदोहोरी गायक अमर लामा



**कैलाली/हिटा ।** लोक दोहोरी क्षेत्रमा छुट्टै पहिचान बनाउनुभएका कलाकार अमर लामाको निधन भएको छ । उहाँको गत सोमबार ४७ वर्षको उमेरमा निधन भएको हो । पेटको बिरामीले थला पर्नुभएका उहाँलाई उपचारका लागि काठमाडौं ल्याएको थियो । काठमाडौंमा उपचार हुन नसक्दा घर ल्याउँदै गर्दा बीच बाटोमै उहाँको निधन भएको हो ।

डोटीको बडिकेदार गाउँपालिका-३ देवल (घाङल) मा जन्मनुभएका लामा हाल कैलालीको चुरे गाउँपालिकाको खानीडाँडामा बस्दै आउनुभएको थियो । स्कुले जीवनमै पढ्दै गर्दा 'पहराको फूल' नामक गीति एल्बमबाट चर्चित लामाले दर्जनौं गीति एल्बम बजारमा ल्याउनुभएको थियो ।

लामा गायनका साथै नाट्य र उद्घोषण विधामा पनि उत्तिकै चर्चित हुनुहुन्थ्यो । बाँसुरी, मादल, हार्मोनियमलगायत वाद्यवादनमा पनि उत्तिकै पोख्त लामा सुदूरपश्चिममा हुने मेला, महोत्सवमा आकर्षणका केन्द्र रहने गर्नुहुन्थ्यो । महेन्द्रनगरको महाकाली एफएमबाट सञ्चार क्षेत्रमा प्रवेश गर्नुभएका लामाले डोटीको शैलेश्वरी एफएममा स्टेसन म्यानेजरका रूपमा काम गर्नुभएको थियो ।

सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानका उप कुलपति डा.टिएन जोशीले लामाको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर श्रद्धाञ्जलि अर्पण गर्नुभएको थियो । लामाका दुई पत्नी, दुई छोरा र दुई छोरी हुनुहुन्छ ।


सम्पर्क नं. ९८०१०००५७१

# कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

यस संस्थाबाट कर्जा लिने तपसिल बमोजिमका ऋणीले संस्थासँग गरेको कर्जाको लिखत सम्झौता बमोजिमको रकम समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जना आदि नतिरी नबुझाई पटकपटक मौखिक तथा लिखित तरताकेता समेतलाई बेवास्ता गरी लिखित सम्झौताका शर्तहरू उल्लंघन गर्नुभई कर्जाको किस्ता र ब्याज तिर्ने म्याद समाप्त भएको हुँदा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा तपाईं ऋणी तथा जमानतकर्ताले यस संस्थाबाट लिनुभएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र हर्जनासमेत चुक्ता गर्नु/गराउनु होला । तोकिएको म्यादभित्र कर्जा भुक्तानी नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र संस्थाको नियमावली तथा कार्यविधि समेतले दिएको अधिकार प्रयोग गरी तपाईंले लेखिदिएको धितो सुरक्षण लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुलउपर गरी लिने व्यहोरा अवगत गराउन चाहन्छौं । यदि सो धितोबाट नपुग भएमा ऋणीको हकभोग लाग्ने घरघरानाको अन्य चल अचल जायजेथा समेतबाट संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत सूचित गरिन्छ ।



**ऋणीको नाम, थर र ठेगाना**

नाम : सागर श्रेष्ठ
ठेगाना : बूढानीलकण्ठ नगरपालिका
वडा नं. १३, चुनीखेल
बाबु : हिराकाजी श्रेष्ठ
बाजे : सिलाल श्रेष्ठ

**कर्जाको उद्देश्य तथा धितो विवरण**

अन्य प्रयोजन
काठमाडौं जिल्ला, जोरपाटी गा.वि.स. ४, सिट नं. १०२१०२९१४ को कि.नं. २७९ को क्षे.फ. १५८.९५ व.मी. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।



**धन जमानतकर्ताको नाम, थर र ठेगाना**

नाम : धनलाल श्रेष्ठ
ठेगाना : बूढानीलकण्ठ नगरपालिका
वडा नं. १३, चुनीखेल
बाबु : हिराकाजी श्रेष्ठ
बाजे : सिलाल श्रेष्ठ

npc एनपिटिसी लिमिटेड
(बचत तथा ऋण योजना)
चाबहिल, काठमाडौं

स्थानीय सरकार
## हेलम्बु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

**सूचना प्रकाशित मिति :- २०८२/०२/०२**

यस कार्यालयबाट मिति २०८१/१२/२० गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का सूचना नं. **HRM/WORKS/NCB/2081/082-13** को निर्माण कार्य खरिदसम्बन्धी सूचना अनुसार रीतपूर्वक म्याद भित्र **www.bolpatra.gov.np/egp** मा दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकोले सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०६४ को नियम ३१ ज (५) बमोजिम आर्थिक प्रस्ताव तपसिलको मिति र स्थानमा खोलिने भएको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N | Contract Identification Description of Works | Substantially Responsive Successful Bidders in Technical Bid Evaluation | Price Bid Opening Place, Date and Time |
|---|---|---|---|
| | **HRM/WORKS/NCB/2081/082-13** Construction of Administrative Building of Helambu Rural Municipality | 1. Khilung Kalika construction Pvt Ltd, Bhirkot-7, Syangja<br>2. Kaushil Basnet Nirman Sewa Pvt Ltd, Kathmandu-10<br>3. MMPL-OEBPL JV, Kalikot-Baneshwor-Kathmandu<br>4. SB/Gehendra/Jugal JV, Jorpati-4 , Kathmandu<br>5. Taksar-Malikadevi-Pakhreli Thapa JV, Chautara, Si.pa.<br>6. Jambudip Construction Pvt Ltd, Basundhara-3<br>7. Bishranti Construction Pvt Ltd,Chhabahil-7 Kathmandu<br>8. LOTUS/SM JV, Banepa-6<br>9. RSB/NFS JV, Anamnagar, Kathmandu<br>10. Slate/Raut Brothers JV, Suryabinayak-3, Bhaktapur<br>11. BM.C/D L.B JV, Suryabinayak-3, Bhaktapur<br>12. Anil Multi Company Pvt Ltd, Sindhupalchok | **Address:** Helambu Rural Municipality Office<br>**Date:** 2082/02/11<br>**Time:** 13:00 P.M |

प्रमुख प्रशासकीय अधिकृत